पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive
पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No. : ०७७/०७८
चलानी नं./Ref. No. : २६

मितिः२०७७।०६।२७

## पि.सि.आर गरी आउनुपर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना!!!

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) संक्रमण रोकथाम तथा नियन्त्रणका लागी यस पूर्वखोला गाउँपालिका सचेत रहँदै समुदायस्तरमा फैलिन नदिन अथक प्रयासहरु जारी राखेको कुरा सर्वविदितै छ। साथै नेपालीहरुको महान चाड दशैं नजिकिदै गर्दा भारत लगायत विदेशी मुलक तथा देश भित्रका अन्य कोरोना जोखिम स्थानहरुवाट यस गाउँपालिकामा भित्रनेहरुको संख्या दिनानुदिन वढ्दो क्रममा रहेको साथै त्यस्ता स्थानवाट आउने व्यक्ति सोझै घर/समुदाय स्तरमा घुलमिल हुँदा कोरोना भाईरस समुदाय स्तरमा फैलिन सक्ने जोखिम उच्च भएकाले भारत लगायत अन्य विदेशी मुलुक तथा देश भित्रका कोरोना जोखिम क्षेत्रहरुवाट यस गाउँपालिकामा आउँदा अनिवार्यरुपमा पि.सि.आर परीक्षण गराई ७२ घण्टा भित्रको पि.सि.आर नेगेटिभ रिपोर्ट साथमा लिएर नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड अपनाई आउनुपर्नेछ अन्यथा यस गाउँपालिकाले निर्माण गरेको तोकिएको क्वारेन्टाईनमा अनिवार्य १४ दिन बस्नुपर्ने व्यवस्था गरिएको हुँदा सवैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ। साथै यस सूचनाको अवज्ञा गरी ७२ घण्टा भित्रको पि.सि.आर (नेगेटिभ) रिपोर्ट नलिई लुकिछिपी घर आउने,समुदायमा घुलमिल हुने तथा त्यस्ता व्यक्तिहरुलाई लुकिछिपी भित्र्याउन र राख्न सहयोग गर्ने जस्ता कार्य गरेको पाईएमा संक्रमण रोग ऐन,२०२० बमोजिम कारबाहिका लागि सिफारिस गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

पूर्वखोला गाउँपालिका जनस्वास्थ्य र जनहितका वारेमा सचेत रहेको छ।

ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत

नोटः-पि.सि.आर (नेगेटिभ) रिपोर्ट पूर्वखोला गाउँपालिकाको स्वास्थ्य शाखा वा सम्वन्धित वडाको स्वास्थ्य चौकीमा बुझाएपश्चात घर जानुपर्ने छ।